नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७६/७७
च.नं.:- १३९

मितिः २०७६/०७/०४

विषयः आवश्यक सहजिकरणको लागि ।

श्री बर्दिवास नगरपालिका, बर्दिवास, महोत्तरी
श्री ईश्वरपुर नगरपालिका, ईश्वरपुर, सर्लाही
श्री लालबन्दी नगरपालिका, लालवन्दी, सर्लाही
श्री हरिवन नगरपालिका, हरीवन, सर्लाही
श्री वागमती नगरपालिका, कर्मैया, सर्लाही
श्री चन्द्रपुर नगरपालिका, चन्द्रपुर, रौतहट
श्री गुजरा नगरपालिका, सिमरा भवानीपुर, रौतहट
श्री निजगढ नगरपालिका, निजगढ, बारा

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. भौ.पू. ६२१/१७४४, मिति २०७६/०६/०५ तथा रेल विभागको च. नं. ७७, मिति २०७६/०६/३० को पत्रको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ । अतः राष्ट्रिय गौरवको आयोजनामा समाविष्ट मेची-महाकाली विद्युतीय रेलमार्गको वर्दिवास-निजगढ क्षेत्रमा रेलमार्गको ट्र्याकवेड, स्टेशन एरिया तथा विभिन्न नदीहरुमा पुल निर्माणका लागि आवश्यक पर्ने नदीजन्य सामाग्रीको व्यवस्थापनको लागि स्वीकृत IEE/EIA प्रतिवेदन वमोजिम स्थानीय तहहरुको आन्तरिक आयमा असर नपर्ने गरी आवश्यक निर्माण सामाग्रीहरुको उपलब्धता तथा अन्य आवश्यक सहजिकरण गरिदिनुहुनको लागि मन्त्रालयको मिति २०७६/०६/२९ को निर्णयानुसार अनुरोध छ । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तथा रेल विभागको पत्र यसै साथ संलग्न रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पूर्वाधार विकास महाशाखा, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समितीको कार्यालय (महोत्तरी, सर्लाही, रौतहट, बारा- आवश्यक समन्वयको लागि) ।
श्री रेल विभाग, विशालनगर, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## पूर्वाधार विकास महाशाखा

सिंहदरबार, काठमाण्डौ

पत्र संख्या ०७६/०७७

मिति:२०७६।०६।०५

चलानी नं. 

श्री बन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।
श्री रेल विभाग ,विशालनगर, काठमाडौं।

विषयः निर्णय पठाइएको सम्बन्धमा।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मिति २०७६/०६/०१ मा बसेको खोलाजन्य निर्माण सामाग्री प्रयोग गर्न स्वीकृति सम्बन्धी बैठकको निर्णय यसै साथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ।

(शशी पौडेल)
शाखा अधिकृत

टेलिफोन :४२११००१, ४२१११११२,४२१११२५, ४२११०७६, ४२००३८४/फ्याक्स : ४२११०६५, ४२११०८६ पो.ब.नं.: २३३१२ काठमाण्डौ, नेपाल।
ई-मेल : infc@nepal.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

मितिः२०७६/०६/०१

विषयः खोलाजन्य निर्माण सामाग्री प्रयोग गर्न स्वीकृति सम्बन्धमा

निर्णयः

मेची महाकाली विद्युतीय रेलमार्गको बर्दिवास देखि निजगढसम्म ट्रयाक वेड तथा स्टेशन एरिया र विभिन्न नदीमा पुल निर्माण कार्य द्रुत गतिमा गर्न आवश्यक पर्ने खोलाजन्य निर्माण सामाग्री निकाल्ने प्रयोजनका लागि स्वीकृत EIA बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय निकायसँग समन्वय र सहजीकरण गरि राष्ट्रिय गौरवको आयोजनाको निर्माण कार्यमा सहयोग गर्न अनुरोध गर्ने।

वाता वि ०५४२॥

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

visit Nepal 2020

URL : www.dorw.gov.np

फोन नं. ०१४४१७९२४, ०१४४१७९१४, ०१४४१७९१५

फ्याक्स : ४४१७९१६
विशालनगर
काठमाण्डौ नेपाल

प.सं. ०७६/०७७
च.नं. 66

मिति २०७६/०६/३०

विषय :- खोला जन्य निर्माण सामाग्रीका लागी समन्वय सम्वन्धमा

दर्ता नं.:- ४९८२
मिति:- २०७६/६/

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
वतावरण तथा विपद व्यवस्थापन शाखा
सिंहदरवार, काठमाडौं

उपरोक्त सम्वन्धमा राष्ट्रिय गौरवको आयोजनामा परेको मेची - महाकाली विद्युतीय रेलमार्गको वर्दिवास-निजगढ क्षेत्रमा रेलमार्गको ट्रयाकवेड निर्माण तथा विभिन्न नदीहरुमा पुल निर्माणका लागी ठेक्का पट्टा व्यवस्थापन भै निर्माण कार्य शुरु गर्न निर्माण व्यवसायीहरु साइटमा परिचालन भै सकेका छन । विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयबाट मिति २०७२/०६/२८ मा स्विकृत वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) को परिधि भित्र रही आयोजनालाई आवश्यक पर्ने नदीजन्य निर्माण सामाग्री भारी उपकरण प्रयोग गरी झिक्न पाउने व्यवस्थाका लागी रेल विभागको अनुरोधमा भौतिक पूर्वाधार मन्त्रालय मार्फत वन तथा वातावरण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालमा अनुरोध गरि पठाइएको थियो । साथै रेल विभागले निर्माण क्षेत्रमा पर्ने नगरपालिकाहरुलाई समेत आयोजनालाई आवश्यक पर्ने नदी जन्य निर्माण सामाग्रीको व्यवस्थापनका लागी अनुरोध गरी सकेको छ । तपशीलका नगरपलिकाहरुलाई रेल विभागको अनुरोध अनुसार खोला जन्य सामाग्री व्यवस्थापनका लागी समन्वय एवं पत्राचार गरी आयोजना निर्माण कार्यमा सहयोग गरिदिन हुन अनुरोध गरिन्छ ।

तपशील
१- वर्दिवास नगरपालिकाको कार्यालय ,वर्दिवास महोत्तरी
२- इश्वरपुर नगरपालिकाको कार्यालय, इश्वरपुर , सर्लाही
३- लालवन्दी नगरपलिकाको कार्यालय, लालवन्दी, सर्लाही
४- हरिओन नगरपालिकाको कार्यालय, हरिओन, सर्लाही
५- वागमती नगरपालिकाको कार्यालय,वागमती, कर्मैया,सर्लाही
६- चन्द्रपुर नगरपालिकाको कार्यालय, चपुर,रौतहट
७- गुजरा नगरिपालिकाको कार्यालय, सिमरा भवानीपुर,रौतहट
८- निजगढ नगरपालिकाको कार्यालय, निजगढ, वारा

...................
अमन चित्रकार
(नि. महानिर्देशक)